राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ अंक २३० २०८२ चैत्र ११ गते बुधवार (25 March. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## मधेशबाट ८७ हजार ५९१ विद्यार्थी एसइई परीक्षामा सहभागी हुने



जनकपुरधाम, १० चैत । आगामी चैत १९ गतेबाट सुरु हुने माध्यमिक शिक्षा परीक्षा ( एसईई) मा मधेश प्रदेशबाट ८७ हजार ५९१ जना विद्यार्थी सहभागी हुने भएका छन्।

शिक्षा विकास निर्देशनालय, मधेश प्रदेशका अनुसार परीक्षाका लागि प्रदेशभर २९९ वटा परीक्षा केन्द्र तोकिएको छ भने एक हजार ३१६ विद्यालयका विद्यार्थी यसमा सहभागी हुनेछन्।

निर्देशनालयका अनुसार परीक्षालाई व्यवस्थित बनाउन २९९ जना केन्द्राध्यक्ष, ४३३ जना सहायक केन्द्राध्यक्ष, चार हजार २३५ जना निरीक्षक, ७३४ जना परीक्षा सहायक तथा एक हजार ६०३ जना कार्यालय सहयोगी खटाइने छन्।त्यस्तै, सुरक्षाको व्यवस्था सुदृढ बनाउन चार हजार ४८५ जना सुरक्षाकर्मी परिचालन गरिने जनाइएको छ। मधेश प्रदेशका आठ जिल्लामध्ये धनुषाबाट सबैभन्दा बढी विद्यार्थी एसईईमा सहभागी हुने छन्।

धनुषाका २०३ विद्यालयका १३ हजार २६२ विद्यार्थी परीक्षामा सहभागी हुने छन्। सबैभन्दा कम विद्यार्थी सप्तरीबाट रहेका छन्। सप्तरीबाट १६२ विद्यालयका नौ हजार २७६ विद्यार्थी परीक्षामा बस्ने छन्।

त्यस्तै, सिराहाबाट ११ हजार ३८, महोत्तरीबाट ११ हजार ३५१, सर्लाहीबाट ११ हजार ३७१, रौतहटबाट नौ हजार ७७७, बाराबाट १० हजार ८१३ र पर्साबाट १० हजार ७०३ विद्यार्थी सहभागी हुने निर्देशनालयले जनाएको छ।

निर्देशनालयको तथ्याङ्क अनुसार अघिल्लो एसईई परीक्षाको तुलनामा यस वर्ष एक हजार २६७ विद्यार्थी कम छन्। अघिल्लो पटक ८८ हजार ८५८ विद्यार्थी सहभागी थिए।

शिक्षा विकास निर्देशनालय जनकपुरका निर्देशक महेन्द्र महतोले परीक्षाको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो। उहाँले परीक्षालाई मर्यादित, अनुशासित र निष्पक्ष रूपमा सम्पन्न गराउन आठवटै जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला परीक्षा समन्वय समितिमार्फत निरीक्षण तथा अनुगमन गरिने जानकारी दिनुभयो।

निर्देशक महतोले मधेश प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्रलगायतका निकायको समन्वयमा प्रदेशस्तरीय अनुगमन टोली गठन गरी परीक्षा व्यवस्थापनलाई प्रभावकारी बनाइने तयारी गरिएको बताउनुभयो।

### बागमती प्रदेशपछि मधेशमा बढी हिंसा

## एकवर्षमा २ हजार ९४ जना हिंसा पीडित

दैनिक समाचारदाता


जनकपुरधाम, १० चैत । मधेश प्रदेशमा मानव अधिकार उल्लंघन तथा हिंसाका घटनामा अपेक्षित कमी आउन सकेको छैन । शिक्षा, जनचेतना र न्यायमा पहुँचको अभावका कारण यस्ता घटनाहरू निरन्तर भइरहेका जानकारहरू बताउँछन् ।

संघीय संरचनाअन्तर्गत तीन तहको सरकार गठनपछि शोषण, दमन र घरेलु हिंसामा कमी आउने अपेक्षा गरिएको थियो । तर, सरकारी तथा गैरसरकारी संस्थाहरूको तथ्याङ्कले उल्लेख्य सुधार नभएको देखाउँछ ।

इन्सेक द्वारा प्रकाशित 'मानव अधिकार वर्ष पुस्तक २०२६' अनुसार देशभर मानव अधिकार उल्लङ्घनका घटनामा बागमती प्रदेश पहिलो स्थानमा रहेको छ भने मधेश प्रदेश दोस्रो स्थानमा छ । बागमतीमा एक वर्षमा ३ हजार १९६ घटना भएका छन् भने मधेशमा २ हजार ९४ घटना अभिलेख गरिएको छ ।

तथ्याङ्कअनुसार मधेशमा राज्यपक्षबाट ४३ र अन्य पक्षबाट २ हजार ५१ घटना भएका छन् । प्रदेशका आठ जिल्लामध्ये सबैभन्दा बढी उल्लङ्घन धनुषा जिल्लामा भएको छ, धनुषामा ८४४ घटनासहित देखिएको छ । अन्य जिल्लामा सप्तरीमा ११८, सिरहामा ११६, महोत्तरीमा ३६६, सर्लाहीमा १३२, रौतहटमा १५९, बारामा १३३ र पर्सामा १८२ घटना अभिलेख गरिएको छ ।मानव अधिकार उल्लङ्घनअन्तर्गत गिरफ्तारी, अपहरण, कुटपिट, धम्की, हत्या, बलात्कार, यौन दुर्व्यवहार, घरेलु हिंसा, मानव बेचबिखन, साइबर अपराध, बोक्सी आरोप तथा दाइजोसम्बन्धी हिंसा जस्ता घटनाहरू समावेश छन् ।

सन् २०२५ का यी तथ्याङ्कले मधेशमा हिंसा नियन्त्रणका प्रयास अझै प्रभावकारी हुन नसकेको स्पष्ट पार्छ । विज्ञहरूका अनुसार दण्डहीनताको अन्त्य, कानुनी पहुँचको विस्तार र जनचेतना अभिवृद्धि नगरेसम्म यस्ता घटनामा कमी ल्याउन कठिन हुनेछ ।




गिरफ्तारी, कुटपिट, बलात्कार, घरेलु हिंसा, मानव बेचबिखन, दाइजो र बोक्सी आरोपजस्ता घटनाहरू प्रमुख रूपमा देखिएका छन्। विज्ञहरूका अनुसार शिक्षा, जनचेतना र न्यायमा पहुँचको अभावले यस्ता घटनामा कमी आउन सकेको छैन।


## वैदेशिक रोजगारीमा जानेले घरमा छोड्नुपर्ने कागजातहरु

- राहदानी र नागरिकताको प्रतिलिपि,
- वैदेशिक रोजगार विभागबाट प्राप्त श्रम स्वीकृतिको प्रतिलिपि,
- स्वास्थ्य परीक्षण (निरोगिताको) प्रमाणपत्रको प्रतिलिपि,
- अभिमुखीकरण तालिम सम्पन्न गरेको प्रमाणपत्रको प्रतिलिपि,
- म्यानपावर कम्पनीलाई तिरेको रकमको भरपाई,
- रोजगारदातासँग गरेको करार सम्झौताको प्रतिलिपि,
- बीमा गराएको कागजको प्रतिलिपि,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाणको प्रतिलिपि,
- विदेशमा काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,

*वैदेशिक रोजगारीमा रहँदा कुनै समस्या उत्पन्न भए यी कागजातहरू अत्यन्त महत्वपूर्ण हुन्छन् ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## अब अनलाइनबाट बुकिङ्को सुविधा



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दुखाई बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# बेपत्ता बालिका र राज्यको जिम्मेवारी

समाजको वास्तविक अनुहार संकटका बेला देखिन्छ भनिन्छ। सुरुङ्गा नगरपालिका-३ की १४ वर्षीया दलित बालिका बेपत्ता भएको घटनाले हाम्रो राज्य संयन्त्र, सामाजिक चेतना र न्याय प्रणालीको वास्तविक अवस्था उजागर गरेको छ। यो केवल एउटा 'बेपत्ता' घटना होइन, बरु सामाजिक विभेद, बालअधिकार उल्लङ्घन र सम्भावित यौन शोषणको गम्भीर प्रश्न हो, जसले राज्यलाई कठघरामा उभ्याएको छ।

एक सातादेखि बेपत्ता बालिकाको अवस्थाबारे स्पष्ट जानकारी नआउनु, प्रहरी प्रशासनले अपेक्षित सक्रियता नदेखाउनु, र त्यसपछि स्थानीयले सडक अवरुद्ध गरेर आक्रोश पोख्नु–यी सबै घटनाक्रमले राज्यप्रतिको जनविश्वास कमजोर हुँदै गएको संकेत गर्छन्। जब पीडित परिवार र समुदायलाई न्यायका लागि सडकमा उत्रिन बाध्य बनाइन्छ, त्यतिबेला प्रश्न उठ्छ–के हाम्रो कानुनी र प्रशासनिक संरचना वास्तवमै नागरिकका लागि काम गरिरहेको छ?

यो घटना झन् संवेदनशील यसकारण पनि छ कि बालिका दलित समुदायकी हुन्। नेपालको संविधानले समानता र सामाजिक न्यायको प्रत्याभूति गरे पनि व्यवहारमा अझै पनि दलित समुदायले विभेद र उपेक्षा भोग्नुपरेको यथार्थ लुकेको छैन। यदि यही घटना कुनै सशक्त वर्गमा भएको भए पनि के राज्यको प्रतिक्रिया यस्तै सुस्त र उदासीन हुन्थ्यो? यो प्रश्न आज गम्भीर रूपमा उठेको छ।

बालिका सात महिनाकी गर्भवती रहेको तथ्यले घटनालाई अझ भयावह बनाएको छ। यसले नाबालिगमाथि सम्भावित यौन शोषण भएको आशंका प्रबल बनाउँछ। अझ पीडित बालिका विगत १० वर्षदेखि घरेलु कामदारका रूपमा बस्दै आएकी थिइन् भन्ने विवरणले बालश्रम र शोषणको गहिरो समस्या उजागर गर्छ। हाम्रो समाजमा अझै पनि गरिब, दलित र विपन्न परिवारका बालबालिकाहरू घरेलु कामदारका रूपमा शोषित भइरहेका छन्, जसप्रति राज्यको निगरानी कमजोर देखिन्छ।

सरकार र सम्बन्धित निकायले अब ढिलाइ गर्न मिल्दैन। तत्काल उच्चस्तरीय छानबिन समिति गठन गरी घटनाको सत्यतथ्य सार्वजनिक गर्नुपर्छ। दोषी जोसुकै भए पनि कानुनी कारबाहीको दायरामा ल्याइनुपर्छ। साथै, पीडित परिवारलाई मनोसामाजिक र कानुनी सहयोग उपलब्ध गराउनु राज्यको कर्तव्य हो। दीर्घकालीन रूपमा हेर्दा, यस्ता घटनाहरू दोहोरिन नदिन बालश्रम नियन्त्रण, दलित समुदायको सशक्तीकरण, र नाबालिगमाथि हुने हिंसा विरुद्ध कडा निगरानी आवश्यक छ। कानुन केवल कागजमा होइन, व्यवहारमा पनि लागू हुनुपर्छ।

अन्ततः, सुरुङ्गाको यो घटना एउटा चेतावनी हो–यदि राज्यले समयमै संवेदनशीलता र जिम्मेवारी देखाएन भने जनआक्रोश अझ चर्किन सक्छ। न्याय ढिला हुनु भनेको अन्यायलाई प्रश्रय दिनु हो। अब राज्यले प्रमाणित गर्नुपर्छ कि नेपालमा हरेक नागरिक–चाहे ऊ जुनसुकै वर्ग, जात वा समुदायको किन नहोस्–न्याय पाउने अधिकार राख्छ।

# आक्रोश, आशा अनि बहुमत र विश्वास



सुरेन्द्र नेपाल श्रेष्ठ

नेपालले आफ्नो इतिहासमा एउटा नयाँ अध्याय लेखिरहेको छ। गत वर्ष सेप्टेम्बर २०२५ मा जेनजेड युवाहरूले सुरु गरेको ठूलो आन्दोलनले देशलाई हल्लायो। सामाजिक सञ्जाल प्रतिबन्ध, भ्रष्टाचार, बेरोजगारी र राजनीतिक अस्थिरताको विरुद्धमा उर्लिएको यो विद्रोहमा दर्जनौं युवाको ज्यान गयो, सयौं घाइते भए र संसद् भवनदेखि राष्ट्रपति निवाससम्म आगो लाग्यो।

अन्ततः पटक पटक प्रधानमन्त्री बनेका केपी शर्मा ओलीको सरकार ढल्यो, संसद् विघटन भयो र पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भएपछि मार्च ५, २०२६ मा निर्वाचन सम्पन्न भयो।

यो निर्वाचनको परिणामले नेपालको राजनीतिक परिदृश्य नै बदलिदियो। राष्ट्रिय स्वतन्त्र पार्टी  का ३५ वर्षीय बालेन्द्र शाह (बालेन) को नेतृत्वमा पार्टीले स्पष्ट बहुमत हासिल गर्‍यो–१६५ प्रत्यक्ष निर्वाचित सिटमध्ये १२५  जित्दै इतिहास रच्यो। बालेन स्वयंले झापा-५ मा एमाले अध्यक्ष केपी शर्मा ओलीलाई करिब ५० हजार मतान्तरले पराजित गरे। नेपाली कांग्रेस र एमाले जस्ता पुराना दलहरूले आफ्नो इतिहासकै सबैभन्दा ठूलो पराजय भोगे। २६ दल मिलेर बनेको नेकपाको त झन्डै लेख जोखा समेत भएन।  यो परिवर्तन केवल सत्ता फेरबदल होइन–यो जनताको क्रोध, आशा र नयाँ पुस्ताको विद्रोहको ठूलो विजय हो।

तर यो विजयले ठूलो जिम्मेवारी पनि बोकेको छ। अहिले बन्ने सरकार असफल हुनु भनेको देशले दशकौँसम्म दुःख भोग्नु हो। सरकार असफल हुँदा केवल सत्ता परिवर्तन मात्र हुँदैन। अर्थतन्त्र धराशायी हुन्छ, रोजगारी संकटमा पर्छ, सामाजिक विश्वास टुट्छ र राष्ट्रको भविष्य अन्धकारमय बन्छ। जनताले ठूलो आशा गरेर दिएको मत यदि निराशामा बदलियो भने राजनीतिक प्रणालीप्रतिको विश्वास नै समाप्त हुन सक्छ। जब जनताको मनमा "केही पनि बदलिँदैन" भन्ने गहिरो निराशा बस्छ, त्यहीँबाट लोकतन्त्रको जरा सुक्न थाल्छ।

पार्टी सानो वा कमजोर भयो भने पुनर्निर्माण गर्न सकिन्छ, सङ्गठन मजबुत बनाउने अवसर सधैँ रहन्छ, तर जनताले देखेको ठूलो राष्ट्रिय सपना टुट्यो भने त्यो एक दलको हार मात्र होइन राष्ट्रको सामूहिक आकाङ्क्षामाथिको घात हो। यति ठूलो सङ्ख्यामा मतदाताले विश्वास गरेर सुम्पिएको आशामा तुसारापात भयो भने त्यसको मूल्य वर्षौंसम्म तिर्नुपर्नेछ। व्यक्ति वा पार्टी कहिल्यै देशभन्दा ठूलो हुन सक्दैन। सत्ता, पद, व्यक्तिगत महत्त्वाकाङ्क्षा वा दलगत स्वार्थभन्दा माथि राष्ट्रको हित र जनताको भविष्य हुनुपर्छ। इतिहासले बारम्बार सिकाएको छ देशलाई व्यक्तिमा सीमित गर्ने प्रयासले अन्ततः राष्ट्रले नै ठूलो मूल्य चुकाउनुपरेको छ। सत्तामा पुग्नु लक्ष्य होइन, सत्तामा पुगेर सुशासन कायम गर्नु, नीति कार्यान्वयन गर्नु र जनजीवन उकास्नु नै सच्चा नेतृत्वको प्रमाण हो।

आज नेपालका नागरिकहरू परिवर्तनको तीव्र अपेक्षामा छन्। युवाहरूले स्वदेशमै रोजगारी, स्टार्टअप अवसर, सीप विकास र बस्ने वातावरण खोजेका छन्। किसानहरूले आफ्नो मेहनतको उचित मूल्य, सिँचाइ, बीउ-मल र बजार सुनिश्चितता चाहन्छन्।

श्रमिकहरूले न्यूनतम ज्याला, सामाजिक सुरक्षा र सम्मानजनक जीवनको आशा राखेका छन्। महिला, दलित, जनजाति, मधेसी र पिछडिएका समुदायहरूले समानता, समावेशिता र न्यायको अपेक्षा गरेका छन्। पर्यटन, जलविद्युत्, सूचना प्रविधि र कृषिमा आधारित आर्थिक वृद्धिको सपना देखेका छन्। यदि नयाँ सरकार यी अपेक्षालाई सम्बोधन गर्न असफल भयो भने यो केवल राजनीतिक असफलता होइन सामाजिक, आर्थिक र नैतिक असफलता पनि हुनेछ।

गैरआवासीय नेपालीहरूले पनि यो परिवर्तनको यात्रामा विशेष भूमिका खेलेका छन्। संसारका विभिन्न देशहरूमा बसेर उनीहरूले नेपालको अर्थतन्त्र, समाज र अन्तर्राष्ट्रिय छविलाई बलियो बनाउन निरन्तर योगदान दिँदै आएका छन्। रेमिट्यान्सका माध्यमबाट मात्र होइन, ज्ञान, सीप, लगानी र अन्तर्राष्ट्रिय अनुभवमार्फत पनि उनीहरूले देशको विकासमा महत्त्वपूर्ण साथ दिएका छन्।

नेपालको अर्थतन्त्रको ठूलो हिस्सा आज पनि वैदेशिक रोजगारीबाट आउने रेमिट्यान्समा निर्भर छ, जसमा अधिकांश योगदान विदेशमा रहेका नेपालीहरूको छ। उनीहरूको परिश्रमले लाखौँ परिवारको जीवन धानिएको छ र राष्ट्रिय अर्थतन्त्रलाई पनि ठूलो टेवा पुगेको छ। यस्तो अवस्थामा देशसँग भावनात्मक सम्बन्ध कायम राख्न चाहने गैरआवासीय नेपालीहरूको अपेक्षा र अधिकारलाई राज्यले गम्भीरतापूर्वक सम्बोधन गर्न आवश्यक छ।

विशेष गरी नागरिकताको निरन्तरता सम्बन्धी उनीहरूको मागलाई राज्यले सकारात्मक रूपमा समाधान गरिदिनु पर्दछ। जन्मभूमिसँगको सम्बन्ध केवल भावना मात्र होइन, त्यो पहिचान, जिम्मेवारी र भविष्यसँग पनि जोडिएको विषय हो। विदेशमा जन्मेका वा हुर्केका नेपाली मूलका सन्तानहरूले पनि आफ्नो पुर्खाको देशसँग सम्बन्ध कायम राख्न पाउनुपर्छ।

यदि राज्यले गैरआवासीय नेपालीहरूलाई विश्वास र सम्मानका साथ जोड्न सक्यो भने उनीहरूको लगानी, ज्ञान र अनुभव देशको विकासका लागि ठूलो शक्ति बन्न सक्छ। त्यसैले देशभित्र भइरहेको राजनीतिक र नीतिगत परिवर्तनको प्रक्रियामा उनीहरूको योगदानलाई स्वीकार गर्दै, नागरिकताको निरन्तरता सम्बन्धी मागलाई न्यायपूर्ण र दूरदर्शी ढङ्गले समाधान गर्नु आजको आवश्यकता हो।

नागरिकताको निरन्तरता सुनिश्चित गरियो भने त्यसलाई दोहोरो नागरिकता स्वीकार गरेको ठानिने र त्यसपछि भारत, चीन लगायतका देशका मानिसहरू निर्बाध रूपमा नेपालमा प्रवेश गर्नेछन् भन्ने हाउगुजी फैलाइएको छ। तर यस्तो तर्क वास्तविकता र कानुनी व्यवस्थासँग मेल खाने देखिँदैन। नयाँ सरकार यस विषयमा निश्चिन्त हुन आवश्यक छ।

नागरिकताको निरन्तरता भन्नाले मूलतः नेपाली मूलका, नेपाली नागरिकतासँग ऐतिहासिक र पारिवारिक सम्बन्ध भएका व्यक्तिहरूलाई आफ्नो पहिचान कायम राख्ने अवसर दिनु हो। यो व्यवस्था विश्वका धेरै देशहरूमा फरक-फरक स्वरूपमा प्रचलित छ।

यसले स्वतः सबै विदेशी नागरिकलाई नागरिकता दिने ढोका खोल्दैन, न त सिमाना खुला बनाउँछ। नागरिकताको निरन्तरता स्पष्ट मापदण्ड, कानुनी प्रक्रिया र पहिचानको आधारमा मात्र प्रदान गरिन्छ।

भारत, चीन वा अन्य कुनै देशका नागरिकहरू स्वतः नेपाली नागरिक बन्ने सम्भावना देखाएर डर फैलाउनु वास्तविक समस्याको समाधान होइन। नेपालको नागरिकता सम्बन्धी कानुन, अध्यागमन व्यवस्था र राज्यको सार्वभौम अधिकार यथावत् रहन्छन्। ती कानुनी संरचनाहरूले नै कसलाई नागरिकता दिन मिल्छ र कसलाई मिल्दैन भन्ने स्पष्ट सीमा तोक्छन्।

वास्तवमा, नागरिकताको निरन्तरता भनेको विदेशमा बसिरहेका नेपाली मूलका मानिसहरूलाई आफ्नो मातृभूमिसँगको सम्बन्ध जीवित राख्ने पुल हो। उनीहरूले विदेशमा सिकेको ज्ञान, सीप, लगानी र अनुभवलाई नेपालसँग जोड्न सक्ने वातावरण सिर्जना गर्नु नै यसको मुख्य उद्देश्य हो।

त्यसैले नागरिकताको निरन्तरतालाई डर र भ्रमको विषय बनाउने भन्दा पनि यसलाई देशको दीर्घकालीन हित, आर्थिक सम्भावना र विश्वभर फैलिएका नेपाली समुदायसँगको सम्बन्ध मजबुत बनाउने दृष्टिले हेर्न आवश्यक छ। नयाँ सरकारले यस विषयमा आत्मविश्वासका साथ, स्पष्ट कानुनी मापदण्ड बनाएर अगाडि बढ्न सके देश र प्रवासी नेपाली दुवैका लागि लाभदायक मार्ग खुल्नेछ।

यो समयले हामी सबैलाई नेता, कार्यकर्ता, नागरिक समाज, युवा र बुद्धिजीवीहरूलाई अझ बढी जिम्मेवार बनाउन आह्वान गरिरहेको छ। देशलाई गम्भीर सुधारको बाटोमा लैजान आवश्यक छ। भ्रष्टाचारमुक्त शासनका लागि पारदर्शी खरिद प्रक्रिया, स्वतन्त्र अख्तियार र डिजिटल प्रशासन स्थापना गर्नुपर्छ। युवा रोजगारी र शिक्षाका लागि सीप-केन्द्रित पाठ्यक्रम, स्टार्टअप फन्ड र विदेशबाट फर्कने युवालाई प्रोत्साहन दिनुपर्छ। कृषि क्रान्तिका लागि आधुनिक खेती, मूल्य निर्धारण र निर्यात प्रवर्द्धन आवश्यक छ। अर्थतन्त्रको पुनरुत्थानका लागि जलविद्युत्, पर्यटन र आईटी क्षेत्रमा ठूलो लगानी, पूर्वाधार विकास गर्नुपर्छ। सामाजिक न्यायका लागि समावेशी नीति, महिला तथा अल्पसंख्यकको सशक्तीकरण र संस्थागत सुधार स्वतन्त्र न्यायपालिका, प्रहरी र प्रशासनको राजनीतिकरण अन्त्यगर्नुपर्छ।

व्यक्तिगत महत्त्वाकाङ्क्षा र दलगत सीमाभन्दा माथि उठेर राष्ट्रको दीर्घकालीन हितलाई केन्द्रमा राख्नुपर्छ। यो सरकारसँग ठूलो बहुमत छ तर यो बहुमत जनताको विश्वास र आक्रोशबाट आएको हो। यो विश्वासलाई जोगाउनु र पूरा गर्नु सबैभन्दा ठूलो चुनौती हो। परम्परागत राजनीतिक प्रथा अनुसार चलेर यो बृहत विश्वासलाई व्यवहारमा सफल साबित गर्न सकिने छैन।

यदि यो ऐतिहासिक अवसर गुमायौँ भने भविष्यले कहिल्यै माफ गर्ने छैन। तर यदि हामीले साहस, एकता र इमानदारीका साथ सुधारको बाटो समात्यौँ भने यो समयलाई इतिहासले नेपालको पुनर्जागरण, युवा शक्तिको उदय र समृद्धिको सुनौलो युगका रूपमा सम्झनेछ। राष्ट्रको साँचो शक्ति विशेष गरी युवा पुस्तामा  हुन्छ भन्ने स्वीकार गर्न सक्नु पर्दछ  ।

जनताको आशा, विश्वास र सपनालाई जोगाउनु, त्यसलाई वास्तविकतामा बदल्नु नै साँचो राजनीति हो। रास्वपाले यो अवसर पाएका छन्। अब यो अवसरलाई देशको उज्ज्वल भविष्यमा बदल्ने जिम्मेवारी सबैको हो। नेपाल अब उठ्दै छ। यो उठाइलाई असफल हुन नदिऔँ, सबै मिलेर यो इतिहास रचौँ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# नेपाल भित्रियो डेढ लाख थान विद्युतीय चुलो

दैनिक समाचारदाता



विराटनगर । पश्चिम एसियामा बढ्दो भू-राजनीतिक तनावको प्रभाव नेपाली भान्सासम्म पुगेको छ। अमेरिका र इजरायलद्वारा इरानमाथि गरिएको हमलापछि ‘हर्मुज नाका’मा देखिएको अवरोधले विश्वव्यापी रूपमा एलपी ग्यास र पेट्रोलियम पदार्थको आपूर्तिमा समस्या सिर्जना गरेको छ।

विश्व बजारमा ग्यासको अभाव र मूल्यवृद्धिको असर नेपालमा पनि देखिन थालेको छ। सरकारले आधा सिलिण्डर ग्यास वितरण गर्ने निर्देशन दिनु र भरेको सिलिण्डरका लागि लामो लाइन लाग्नुपर्ने अवस्था उत्पन्न भएको छ। यही कारण उपभोक्ता वैकल्पिक ऊर्जा, विशेषत: विद्युतीय चुलोतर्फ आकर्षित भइरहेका छन्।

विराटनगर-४ की विनिता पोखरेल लामो समयदेखि इन्डक्सन चुलो प्रयोग गर्दै आएकी छन्। उनका अनुसार यसले खर्च घटाउनुका साथै ग्यास अभावको चिन्ताबाट पनि मुक्त गराएको छ। यस्तै, विराटनगर-१२ का आयुष थापाले पनि ग्यास अभावको त्रासका कारण इन्डक्सन चुलो खरिद गरेको बताए।

व्यवसायीहरूका अनुसार पछिल्लो समय विद्युतीय चुलोको माग उल्लेख्य रूपमा बढेको छ। विराटनगरस्थित अरुण इलेक्ट्रोनिक्सका सञ्चालक अरुण अग्रवालका अनुसार पहिले दैनिक १-२ वटा बिक्री हुने चुलो अहिले दैनिक १० वटासम्म बिक्री भइरहेको छ।

भन्सार विभागको तथ्याङ्कले पनि विद्युतीय भान्सातर्फको आकर्षण बढ्दै गएको पुष्टि गर्छ। चालु आर्थिक वर्षको फागुनसम्ममा मात्रै ३० करोड ४१ लाख रुपैयाँ बराबरका १ लाख ४७ हजारभन्दा बढी विद्युतीय चुलो आयात भएका छन्, जसमा इन्डक्सन चुलोको हिस्सा सबैभन्दा ठूलो छ।नेपालले ठूलो परिमाणमा भारतबाट एलपी ग्यास आयात गर्दै आएको छ। हर्मुज नाकामा अवरोध हुँदा भारतमै आपूर्ति प्रभावित भई नेपालमा प्रत्यक्ष असर पर्ने सम्भावना छ। यस्तो अवस्थामा स्वदेशमै उत्पादन हुने जलविद्युतको उपयोग बढाउनु आवश्यक देखिन्छ।

यद्यपि, उपभोक्ताले विद्युत आपूर्तिको स्थिरतामा चिन्ता व्यक्त गरेका छन्। नियमित विद्युत आपूर्ति सुनिश्चित गर्न सके विद्युतीय भान्सा दीर्घकालीन समाधान बन्न सक्ने देखिन्छ।

# नेप्से परिसूचक २३ अङ्कले बढ्यो




काठमाडौँ, १० चैत । यो साता कारोबारको लगातार तेस्रो दिन नेपाल स्टक एक्सचेञ्ज परिसूचकमा वृद्धि भएको छ । आज नेप्से परिसूचक २३ दशमलव ८३ अङ्कले बढेर दुई हजार ९६० दशमलव ४० को बिन्दुमा पुगेको छ ।

आज ३४१ कम्पनीको तीन करोड ५८ लाख २२ हजार १९१ कित्ता शेयर एक लाख २६ हजार ९४७ पटक खरिद-बिक्री हुँदा रु १४ अर्ब ८३ करोड ९१ लाख ८३ हजार ६४३ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

आजको कारोबारमा बैङ्किङ शून्य दशमलव ६७, विकास बैङ्क एक दशमलव ३८, वित्त शून्य दशमलव ५१, जलविद्युत् एक दशमलव ३२, लगानी शून्य दशमलव ११, उत्पादन तथा प्रशोधन शून्य दशमलव ८६, म्युचुअल फन्ड शून्य दशमलव २५ र व्यापार समूह नौ दशमलव १२ प्रतिशतले बढेको छ । अरू सबै समूहको उपसूचक घटेको छ । जलविद्युत् शून्य दशमलव १७, जीवन बीमा शून्य दशमलव ३७, लघुवित्त शून्य दशमलव ४६, निर्जीवन बीमा शून्य दशमलव ३८ र अन्य समूह शून्य दशमलव १६ प्रतिशतले घटेको छ ।

सलपा विकास बैङ्क लिमिटेड र रिलायन्स स्पिनिङ मिल्स लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ५६ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै र ादी विद्युत् कम्पनी लिमिटेडको रु ६७ करोड ४३ लाख ८४ हजार ३४१ बराबरको खरिद-बिक्री भएको छ ।

कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको प्रमोटर शेयर २० लाख २७ हजार ९९२ कित्ता किनबेच भएको नेप्सेले जनाएको छ । रासस

# इरानी ग्यास पूर्वाधारमा आक्रमण, आंशिक क्षति



तेहरान, १० चैत । अमेरिकाको धम्कीपछि केही घण्टामै इजरायली-अमेरिकी संयुक्त आक्रमणले इरानका दुई ग्यास सुविधा र पाइपलाइनलाई लक्षित गरेको इरानी मिडिया मङ्गलबारले जनाएको छ ।

फार्स समाचार एजेन्सीका अनुसार मध्य इरानमा रहेका ग्यास प्रशासन भवन र इस्फहानको काभेह स्ट्रिटमा रहेको ग्यास प्रेसर रेगुलेसन स्टेसन आंशिक रूपमा क्षतिग्रस्त भएको छ । देशको दक्षिणपश्चिममा रहेको खोर्रमसहर पावर प्लान्टको ग्यास पाइपलाइन पनि आक्रमणको निशानामा परेको बताइएको छ । तर स्थानीय गभर्नरले पूर्वाधार सामान्य रूपमा सञ्चालनमा रहेको र ग्यास आपूर्तिमा अवरोध नभएको पुष्टि गरेका छन् । इरानी मिडियाले यो घटनालाई ‘जियोनिस्ट र अमेरिकी शत्रुले गरेको चलिरहेको आक्रमणको हिस्सा’ भनेको फार्सले बताएको छ । यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग सम्बन्धित ऊर्जा पूर्वाधारमा आक्रमण गर्ने धम्की दिनुभएको थियो, तर सोमबार अचानक प्रतिक्रिया परिवर्तन गर्दै ‘सबै कुरा धेरै राम्रो भइरहेको छ’ भन्नुभएको थियो ।तर इरानी मिडियाले युद्ध अन्त्य वा वार्ताको कुनै सङ्केत नभएको उल्लेख गरेको छ । विशेषज्ञले यस घटनालाई क्षेत्रीय तनाव र ऊर्जा सुरक्षा जोखिमको सङ्केतका रूपमा हेरिरहेका छन् । अमेरिकी-इजरायली कदमले इरानको रणनीतिक ग्यास आपूर्ति र पावर प्लान्टमाथि दबाब कायम गर्ने प्रयास भएको देखिन्छ । स्रोतका अनुसार आक्रमणले तत्काल ग्यास आपूर्ति बाधित नगरे पनि आंशिक क्षतिले लामो समयमा मर्मत र निगरानी आवश्यक पर्ने अवस्था सिर्जना गरेको छ । रासस/एएफपी

# धनुष सहकारीमा १२ करोड हिनामिना, तीन जना पक्राउ

लेखनाथ,१० चैत । कास्कीको पोखरा महानगरपालिका-९ मा कार्यालय रहेको धनुष बचत तथा ऋण सहकारीमा १२ करोड ५६ लाख रुपियाँ हिनामिना गरेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ । सहकारी रजिस्ट्रारको कार्यालय, गण्डकीले दिएको प्रतिवेदनका आधारमा जिल्ला प्रहरी कार्यालय कास्कीले सोमबार उनीहरूलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा कृष्णबहादुर जैसी, सहकारीका व्यवस्थापक जगत पौडेल र सचिव विराज सुवेदी रहेका छन् । जैसी सूर्यदर्शन बचत तथा ऋण सहकारीका पीडितसमेत हुनुहुन्छ । उहाँ धनुष सहकारीको ऋण उपसमितिमा रहँदा कृत्रिम खाता खडा गरी ८२ लाख रुपियाँ हिनामिनामा संलग्न रहेको सहकारी रजिस्ट्रारको प्रतिवेदनमा उल्लेख छ ।

जैसीसहितको जाहेरीका आधारमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेसहितका विरुद्ध दायर भएको मुद्दा जिल्ला अदालत कास्कीमा विचाराधीन छ । गत निर्वाचन प्रचारका बेला कास्की क्षेत्र नम्बर-३ की रास्वपा उम्मेदवार बिना गुरुङलाई जैसीले छोराको विद्यालयको शुल्क तिर्न नसकेको भन्दै बिल दिनुभएको थियो । सूर्यदर्शनमा पैसा डुबेका कारण शुल्क तिर्न नसकेको भन्दै उहाँले साङ्केतिक रूपमा न्याय माग गर्नुभएको थियो ।

प्रहरीले धनुष सहकारीका व्यवस्थापक पौडेल र सचिव सुवेदीलाई पनि सोमबार नै नियन्त्रणमा लिएको छ । सुवेदीले दुई करोड २५ लाख र पौडेलले एक करोड २५ लाख रुपियाँ अपचलन गरेको प्रतिवेदनमा औँल्याइएको छ ।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता हरिबहादुर बस्नेतले तीन जनालाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “अहिले तीन जनालाई नियन्त्रणमा लिएर अनुसन्धान गर्दैछौँ, सहकारी रजिस्ट्रारको प्रतिवेदन र प्रहरीको छानबिनपछि थप तथ्य खुल्ने छन् ।” रजिस्ट्रार कार्यालयको प्रतिवेदनले धनुषको अपचलनमा १३ जनाको संलग्नता देखाएको छ ।



सहकारी रजिस्ट्रार भेषराज रिजालले सञ्चालकहरूले हिसाबकिताब मिलान गर्न नसकेपछि आइतबार प्रारम्भिक छानबिन प्रतिवेदन प्रहरीलाई बुझाइएको बताउनुभयो । धनुषमा समस्या देखिएपछि १५ महिनाअघि भएको छानबिनमा १९ करोड १८ लाख रुपियाँ अनियमितता भएको पाइएकोमा केही रकमको हिसाब मिलान भई हाल १२ करोड ५६ लाख रुपियाँ बिगो कायम भएको हो । रिजालले भन्नुभयो, “लामो समय दिँदा पनि उहाँहरूले हिसाब मिलान गर्न सक्नुभएन । हामीले व्यक्तिपिच्छे बिगो किटान गरी पठाएका छौँ ।” गण्डकी प्रदेशमा सहकारी रजिस्ट्रारको कार्यालयले प्रहरीमा छानबिनका लागि पठाएको यो १९ औँ सहकारी हो । केही सहकारीमा बचत फिर्ता र मुद्दा मिलापत्रको क्रम पनि चलिरहेको रिजालले बताउनुभयो ।

यसैबिच, जैसी पक्राउ परेको विषयलाई रास्वपा सभापति लामिछानेको मुद्दासँग जोडिएको प्रति सूर्यदर्शन बचत तथा ऋण सहकारीले ध्यानाकर्षण भएको जनाएको छ । मङ्गलबार विज्ञप्ति जारी गर्दै सहकारीले लामिछानेविरुद्ध जाहेरी दिने जैसी मात्र नभएको स्पष्ट पारेको छ । सूर्यदर्शन ठगीमा जिबी राईसहित सात जनाविरुद्ध जैसीको नामबाट जाहेरी परेको थियो भने लामिछानेविरुद्धको पुरक जाहेरी गोविन्दप्रसाद अधिकारीले दिनुभएको थियो । सूर्यदर्शन सहकारीका अध्यक्ष किरण श्रेष्ठले जैसीको व्यक्तिगत विषयलाई संस्थाको मर्यादा र लामिछानेविरुद्धको मुद्दासँग जोडेर प्रचार नगर्न आग्रह गर्नुभएको छ ।


- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, ३४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३३४

# सूर्यलाई अर्घ दिँदै चैती छठ पर्व मनाइँदै

दैनिक समाचारदाता
जनकपुरधाम, १० चैत । मिथिलाञ्चल क्षेत्रमा लोकआस्था र सूर्य उपासनाको महान् पर्व चैती छठ पर्व श्रद्धा र भक्तिपूर्वक मनाइँदैछ । चार दिनसम्म चल्ने यस पर्वको मुख्य दिन षष्ठी तिथिको (मंगलवार) साँझ व्रतालुहरूले जलाशयमा पसेर अस्ताउँदो सूर्यलाई अर्घ अर्पण गर्दै विशेष पूजा गरेका छन् । गत आइतबार चतुर्थी तिथिदेखि सुरु भएको यस पर्वअन्तर्गत दोस्रो दिन सोमबार "खरना" विधि सम्पन्न गरिएको थियो । उक्त दिन व्रतालुहरूले उपवास बस्दै कुलदेवता, सूर्य देवता र छठी मातालाई पूजा निम्तो दिएका थिए ।

यस अवसरमा घरघरमा गहुँ र चामलको पीठोबाट ठकुवा, खजुरिया, पेरुकिया लगायतका परिकार तयार पारिएका छन्। साथै नरिवल, केरा, सुन्तला, मुला, गाजर, बेसारका गाँठा लगायतका फलफूल तथा सामग्रीलाई नाङ्लो, ढाक्की र



माटोका भाँडामा सजाएर परिवारसहित भजन(कीर्तन गर्दै घाटसम्म लगिन्छ। व्रतालुहरू पानीमा उभिएर सूर्य अस्ताउँदासम्म आराधना गर्दै अर्घ अर्पण गर्ने परम्परा रहेको छ।

छठ पर्वको अवसरमा गंगासागर, धनुषसागर लगायतका प्रसिद्ध तलाउ तथा ग्रामीण क्षेत्रका जलाशयहरू विशेष रूपमा सजाइएका छन्। ती स्थानहरूमा श्रद्धालुहरूको ठूलो भीड लागेको छ। धार्मिक मान्यताअनुसार द्रौपदी र पाण्डवहरूले अज्ञातवास सफल होस् भनी सूर्यदेवको आराधना गरेपछि मिथिलामा छठ पर्वको परम्परा सुरु भएको विश्वास गरिन्छ। त्यस्तै सूर्यपुराण मा अनुसूइयाले पहिलोपटक छठ व्रत गरी सौभाग्य प्राप्त गरेको उल्लेख छ। धार्मिकसँगै सामाजिक सद्भावको प्रतीक बनेको छठ पर्व हिन्दू र मुस्लिम समुदायले संयुक्त रूपमा मनाउने विशेष पर्वका रूपमा परिचित छ। आज साँझको अर्घपछि भोलि बिहान उदाउँदो सूर्यलाई अर्घ दिँदै पर्व समापन हुनेछ।

# सडक मापदण्डभित्रको संरचनामा डोजर



दैनिक समाचारदाता
सप्तरी, १० चैत । राजविराज नगरपालिकाले मुख्य बजार क्षेत्रमा सडक मापदण्डभित्र परेका जग्गामा निर्माण गरिएका संरचनाहरु मंगलवार देखी डोजर लगाएर भत्काउन थालेको छ । हनुमानमन्दिर देखि नेताचौक सम्म सडक मापदण्डमा परेका जग्गामा बनाइएका संरचना हटाउन पटक/पटक सुचना मार्फत आग्रह गर्दा पनि अटेर गरेको र सडक तथा नाला निर्माणमा ढिलाई हुन थालेपछि डोजर लगाएर ती संरचनाहरु भत्काउन थालिएको नगरपालिकाले जनाएको छ ।

बीच सडको ९/९ मिटर दायाँ र बाँया गरी १८ मिटर भित्र पर्ने सबै संरचना हटाउन थालिएको राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीनले जानकारी दिइन ।

उक्त सडक स्तरोन्नती र सौन्दर्यकरण कार्यको सडक डिभीजन कार्यालय लहानबाट टेण्डर भई निर्माण कार्य सूरु गर्नू पर्नेमा साईट क्लियरेन्स नहुदाँ समस्या उत्पन्न भएको थियो ।

सुरक्षाकर्मी तथा वडाअध्यक्षहरु सहित पुगेकी कार्यवाहक नगर प्रमुख परवीनको उपस्थितीमा डोजर लगाएर सडक मापदण्डमा परेका जग्गामा बनाइएका संरचनाहरु भत्काउन थालिएको छ । यसरी डोजर चलाउँदा केही स्थानीयले विरोध गरेका थिए ।

तर कार्यवाहक नगर प्रमुख परवीनले भोटको राजनितीक नगर्न तथा विकासका काममा राजनितीक स्वार्थ भन्दा माथी उठेर सबैलाई सहयोग गर्न आग्रह गरेकी थिइन । उनले सडक चौडा र सौन्दर्यकरण कार्य सकिएपछि १०/२० जनाले मात्र होइन सिंगो नगरवासी नै लाभान्वित हुने जनाएकी छिन ।

# भारतमा सर्वोच्च अदालतको फैसला- धर्म परिवर्तन गरे जातिगत आरक्षण सुविधा नपाउने

दैनिक समाचारदाता
काठमाडौं, १० चैत । भारतको सर्वोच्च अदालतले 'अनुसूचित जाति-जनजाति'ले धर्म परिवर्तन गरे ती जातिलाई सरकारले उपलब्ध गराउँदैआएको सुविधा र आरक्षण नपाउने फैसला गरेको छ ।

मंगलबार आएको सर्वोच्चको फैसलाले अनुसूचित जातिको कुनै पनि व्यक्तिले धर्म परिवर्तन गरेर इसाई धर्म अपनाए 'अनुसूचित जाति र अनुसूचित जनजाति(अत्याचार निवारण) अधिनियमअनुसार कुनै पनि लाभ र सुविधा नपाउने उल्लेख छ । यसअघि यस्तै फैसला आन्ध्र प्रदेशको उच्च अदालतले गरेको थियो । सोही फैसलालाई सर्वोच्चले सदर गरेको बीबीसी हिन्दीले लेखेको छ, 'यदि कोही व्यक्ति इसाई धर्म अपनाउँछ, इसाई धर्म मान्छ र पालन गर्छ भने उसले अनुसूचित जाति-समुदायको सदस्य मान्न सकिन्न,' फैसलाअनुसार भनिएको छ, 'केवल हिन्दू, वुद्ध, शिख धर्मका मानिस मात्रै अनुसूचित जातिको श्रेणीमा आउनसक्छन् । यदि कोही यी धर्मबाट अलग भएर धर्मान्तरण गर्छन् भने ऊ अनुसूचित जातिलाई दिएको सुरक्षा वा आरक्षणको लाभ उठाउन सक्दैन ।'

सन् १९५० को एक संवैधानिक आदेशमा हिन्दू धर्मबाहिरको कोही पनि व्यक्ति अनुसूचित जातिको श्रेणीमा नआउने उल्लेख छ । तर, यसपटकको फैसलाको प्रभाव के हुन्छ त्यो भने फैसलाको पूर्णपाठ आएपछि प्रस्ट हुने बताइएको छ ।

फैसला आउनुअघि नै इस्लाम र इसाई धर्म अवलम्वन गरिसकेकाहरूका हकमा के हुन्छ ? भन्ने अझै प्रस्ट भइसकेको छैन ।

# गाँजासहित एक पक्राउ

काठमाडौं १० चैत । प्रहरीले १७१ किलो गाँजासहित एक जनालाई पक्राउ गरेको छ । मकवानपुरको मनहरि गाउँपालिका खरङगा हरियाली सामुदायिक जंगलको भित्री बाटोबाट १७१ किलो २१ ग्राम गाँजासहित राक्सिराङ गाउँपालिका-४ का २० वर्षीय अक्कल प्रसाद स्याङ्तानलाई प्रहरीले मंगलबार पक्राउ गरेको हो ।

इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीले भाबरबाट मनहरीतर्फ आउँदै गरेको बा १३ च २०१४ नम्बरको गाडीबाट उक्त परिमाणको गाँजा बरामद गरेको हो ।

पक्राउ परेका स्याङ्तानमाथि अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।

# चलचित्रका निर्माता पक्राउ



काठमाडौं १० चैत । चलचित्र तेल भिसाका निर्माता शिवराज कार्की पक्राउ परेका छन् ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले उनलाई स्वयम्भूबाट पक्राउ गरेको हो । सिन्धुलीको सुनकोशी गाउँपालिका-७ घर भएका उनलाई विदेश पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा पक्राउ गरिएको अपराध अनुसन्धान कार्यालयका एसपी तथा प्रवक्ता मनोहर भट्टले बताए ।

पासाङ नोर्बु तामाङ समेतका व्यक्तिले उनीविरुद्ध जाहेरी दिएका थिए । पक्राउ परेका उनलाई कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहचल पठाइएको छ ।


उनीविरुद्ध वैदेशिक ठगीमा ६ वटा पक्राउ पुर्जी जारी भएको पाइएको छ । उनले चाबहिलमा पी एण्ड एम इनोभेशन सर्भिस नामको कन्सलटेन्सी विगत १० वर्षदेखि सञ्चालन गर्दै आएका थिए ।

उनले २५० जनालाई ठगी गरको आरोप छ । १०० जना भन्दा बढी पीडित भने प्रहरीको सम्पर्कमा पुगिसकेका छन् ।

यसअघि उनीविरुद्ध २५ असार २०८२ मा प्रहरी वृत्त लैनचौरबाट बैंकिङ कसुरको मुद्दा समेत चलेको थियो ।

पछिल्लो तीन महिनादेखि भारतको नयाँ दिल्लीस्थित पहाडगञ्जमा बस्दै आएका उनीबाट भारतीय आधार कार्ड र प्यान कार्ड समेत बरामद भएको छ । उनी भारतमा अन्नपूर्ण फास्टफुड सञ्चालन गरेर बस्दै आएका थिए ।

# इरानमा पक्राउ नेपालीको रिहाइ माग



दैनिक समाचारदाता
काठमाडौं १० चैत । इरानमा पक्राउ परेका उदयपुरका ३३ वर्षीय अमृत झाको सकुशल रिहाइका लागि उनका परिवारजनले सरकारसँग पहल गरिदिन आग्रह गरेका छन्।

त्रियुगा नगरपालिका-११ निवासी झा इरानस्थित ब्ल्याक सी मरिन एलएलसी कम्पनीमा पानीजहाज चालकका रूपमा कार्यरत छन्। दुबईबाट इरानतर्फ इन्धन लिन गएका उनी फर्किने क्रममा बठदर अब्बास क्षेत्रबाट इरानी सुरक्षाकर्मीले नियन्त्रणमा लिएको उनकी दिदी पूजा झाले जानकारी दिइन्। हाल उनलाई स्ट्रेट अफ होरमुज नजिकै इरानको सुरक्षा निकायले पक्राउ गरेको र बठदर अब्बास कारागारमा राखिएको आशंका गरिएको छ।

परिवारका अनुसार पक्राउपछि झाको अवस्था र सुरक्षाबारे स्पष्ट जानकारी प्राप्त हुन सकेको छैन। यही विषयलाई लिएर उनका आफन्तले सोमबार परराष्ट्रमन्त्री बलानन्द शर्मा र परराष्ट्र सचिव अमृतबहादुर राईसँग भेट गरी ध्यानाकर्षण गराएका थिए।

भेटका क्रममा झाका भिनाजु राजेशकुमार झाले इजरायल-अमेरिका आक्रमणपछिको क्षेत्रीय तनावका कारण अवस्था जटिल बन्दै जाँदा उनलाई नियन्त्रणमा लिइएको हुनसक्ने बताएका थिए। उनले झाको अवस्था सार्वजनिक गर्न र सुरक्षित रिहाइका लागि कूटनीतिक पहल गर्न सरकारसँग माग गरे।

जवाफमा परराष्ट्रमन्त्री शर्माले मन्त्रालयमार्फत झाको अवस्थाबारे जानकारी लिने प्रयास भइरहेको बताए। सचिव राईले पनि उपलब्ध सबै कूटनीतिक माध्यम प्रयोग गरी रिहाइका लागि पहल भइरहेको जानकारी दिए।

परिवारजनले झाको सुरक्षा, स्वास्थ्य अवस्था सुनिश्चित गर्दै यथाशीघ्र रिहाइका लागि इरानसँग प्रभावकारी कूटनीतिक पहल गर्न सरकारसँग पुनः आग्रह गरेका छन्।

# कांग्रेसको १५ औं महाधिवेशन भदौमा

दैनिक समाचारदाता
काठमाडौं, १० चैत । नेपाली कांग्रेसले आफ्नो १५ औँ महाधिवेशनका लागि प्रस्तावित कार्यतालिका सार्वजनिक गरेको छ । पार्टीको केन्द्रीय कार्यसमितिले तयार पारेको प्रस्तावअनुसार २०८३ साल भदौ २४, २५ र २६ गते काठमाडौँमा महाधिवेशन सम्पन्न गर्ने लक्ष्य राखिएको छ । प्रस्तावित कार्यतालिकाअनुसार देशैभरका ६ हजार ७४३ वटै वडामा साउन ६ गते एकैसाथ अधिवेशन हुने पार्टीका सभापति गगनकुमार थापाले जानकारी दिनुभयो । त्यसैगरी, साउन १२ गते गाउँ र नगरपालिकाको अधिवेशन सम्पन्न गरिने कांग्रेसले जनाएको छ ।

साउन २३ गते प्रदेश सभा क्षेत्रीय अधिवेशन र साउन ३० गते प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन हुनेछ । जिल्ला अधिवेशन भदौ ६ र ७ गतेका लागि तय गरिएको छ भने प्रदेश अधिवेशन भदौ १५ र १६ गते हुनेछ ।


## माइग्रेशन हराएको सूचना

घरबाट जनकपुरधाम आउने क्रममा बाटोमा हाम्रो माइग्रेशन सर्टिफिकेट सहितको कागजातहरु हराएकोले पाउनु हुने महानुभावहरु निम्न ठेगाना वा नजिकको प्रहरी चौकीमा पुर्याई सहयोग गरी दिन हुन हार्दिक अनुरोध गरिन्छ ।

नाम : रिता कुमारी साह
ठेगाना : जि.म.भंगहा नगरपालिका वडा नं.३ कटैया
हाल : जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८
सिम्बल नं. : २१८१९०६१
रजि नं. : ९-२-१२२-१०८-२०१०
सम्पर्क नं. : ९८४४२९५१११



अनलाइनमा समाचार पढ्नका लागि टाइप गर्नुस
www.esamachardainik.com

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि
सम्पर्क : इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४